# महेन्द्र भुलले व्यवसायमा भुल गरेनन्

**स्थानीय सरकारले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा, शिक्षित युवा स्वरोजगार कर्जा, विदेशबाट फर्केका युवा परियोजना कर्जा, दलित समुदाय व्यवसाय विकास, उच्च प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा दिएर गाउँ–गाउँमा स्वरोजगारको अवसर प्रदान गरेको छ ।**

**एकेन्द्र खत्री/हिटा**
**अछाम, २१ असोज**





हातमा सीप भए भोकै बस्नुपर्दैन भन्ने उक्ति त्यत्तिकै आएको होइन रैछ । हाम्रा पुर्खादेखि बस्दै आएको सो उक्ति सुदूर पहाडको जयगढमा बस्ने महेन्द्र भुललाई हेर्दा ठ्याक्कै मेल खान्छ । हातमा सीप खासै नभएर बिहानबेलुकीको छाक कसरी टारौं भन्दै भौंतारिने महेन्द्रले यतिबेला खाने जोहोमात्रै होइन, दुई/चार रुपैयाँ जोगाड पनि गर्न थाल्नुभएको छ । हुन त उहाँको कामलाई सुरुका दिनमा खासै इज्जत दिइन्नथ्यो । काम गर्दै र ग्राहकलाई सन्तुष्टि दिँदै गएपछि हेयको काम गर्ने भनिएका महेन्द्र विस्तारै सबैको प्यारो मान्छे बन्नुभयो । गाउँघर न हो, दुई/चार सय रुपैयाँ खेलाउने भएपछि गाउँलेले सरसल्लाह र सुझाव लिने मान्छे अब भने महेन्द्र नै बन्नुभएको छ ।

महेन्द्रको दिनचर्या र व्यक्तित्व बदलिन लामो समय लागेन । अरूले गर्न नचाहेको अनि हेयको दृष्टि लगाइने कामको सीप उहाँले २०७० सालमा सिक्नुभएको थियो । त्यही कामलाई उहाँले दैनिकी चलाउने व्यवसायको रूप दिनुभयो र सफलता पनि प्राप्त गर्नुभयो ।

कुनै पनि काम सानो वा ठूलो भन्ने हुँदैन भन्ने सोचले कपाल काट्ने सीप सिक्नुभएका महेन्द्र ‘हेयर कटिङ’ व्यवसाय सञ्चालन गर्ने सफल व्यवसायीका रूपमा स्थापित हुनुभएको छ । हातमा सीप भएर पनि सामान्य काम के गर्नु भनेर कामलाई सानो ठान्नेहरू आजका दिनमा आँखाबाट आँसु चुहाउँदै घरपरिवारसँग बिछोडिँदै गर्दा महेन्द्रले परिवारसँगै बसेर आफ्नो व्यवसायलाई अगाडि बढाइरहनुभएको छ ।

‘सुरुमा सैलुनमा कोही पनि नआउने, यसले जान्दैन भन्ने गर्दथे,’ पहिलाका दिन सम्झँदै महेन्द्र भन्नुहुन्छ, ‘विस्तारै मेरो मिहिनेत देखेर केटाकेटी र युवाहरू आउन थाले । अहिले त साँच्चै भन्ने हो भने चाडबाडको बेला त खाना खाने फुर्सद पनि हुन्न ।’ उहाँको सैलुनमा पुरुषमात्र होइन, महिलाको उत्तिकै आकर्षण बढेको छ । बढिजसो कर्मचारी र युवायुवती सैलुनमा आउने गरेको महेन्द्रले सुनाउनुभयो ।

तालिम नै लिएर महेन्द्रले ग्राहकको रोजाइ र मागअनुसार सेवा दिन थालेपछि सेवा लिन आउनेहरूको भीड हुने गर्दछ । त्यसैले त जाँगर नचलाउने र कामलाई सानो भन्नेहरूका लागि अहिले महेन्द्र उदाहरणीय पात्रका रूपमा देखिनुहुन्छ ।

उहाँ दिनको करिब १४ घण्टा दाह्री, कपाल काट्ने, कपाल रंगाउने काममा व्यस्त हुनुहुन्छ । उहाँको व्यस्ततामा उहाँका भाइ समिरले पनि साथ दिँदै आउनुभएको छ । ‘मलाई घरपरिवारबाट पनि पूर्ण सहयोग छ, त्यसैले मैले ढुक्कसँग व्यवसाय गरेको छु,’ महेन्द्र भन्नुहुन्छ, ‘पैसा कमाउने सबैभन्दा राम्रो व्यवसाय यहीं रहेछ ।’

आर्थिक अवस्था निकै कमजोर भएपछि गुजाराका लागि बीचमै पढाइ छोडेर गुजारा चलाउन भारत पस्नुभएको थियो, महेन्द्र । उहाँले भारतको गोरेगाउँमा होटलमा काम गर्दै करिब एक वर्ष बिताउनुभयो । ‘हातमा सीप नहुँदा समस्या हुँदोरहेछ, रोजगारी खोज्दै विभिन्न देशमा भौंतारिएँ, धेरै दु:ख पाएँ, अब गाउँमा नै केही गर्नुपर्छ भनेर सैलुन व्यवसाय सुरु गरेँ,’ महेन्द्र भन्नुहुन्छ, ‘अहिले परिवारसँगै बसेको छु, व्यवसाय चलेकै छ, आम्दानी पनि राम्रै छ ।’

परदेशमा दु:ख पाउनुभएका महेन्द्र अहिले गाउँमा सुखमै रम्नुभएको छ । सामान्य सीपबाट सुरु गरेको व्यवसाय अहिले ‘महेन्द्र हेयर कटिङ’ का नाममा स्थापित भइसकेको छ । गाउँमै बसेर उहाँले मासिक ३० देखि ४० हजार रुपैयाँ कमाउनुहुन्छ । हातमा सीप हुनु नै सम्पत्ति रहेछ महेन्द्र भन्नुहुन्छ, ‘सीपबिनाको मानिस परनिर्भर हुन्छ ।’ परिश्रमी र मिहिनेती हुने हो भने विदेश भूमि जानुपर्दैन भन्ने कुरा उहाँको कामले प्रमाणित गरिदिएको छ ।

उहाँको कामप्रतिको लगाव र आम्दानी देखेर सबैले प्रशंसा गर्छन् । यो मान, सम्मान र आम्दानीको पछाडि उहाँको धेरै संघर्ष, निरन्तरको मिहिनेत र लगनशीलता लुकेको छ । महेन्द्रले २०७० सालबाट सीप सिकेर व्यवसाय थाल्नुभएको हो । २०७४ सालमा स्थानीय तहको निर्वाचनपछि पनि उहाँले पालिकाबाट थप तालिम लिनुभएको थियो ।

घरेलु तथा साना उद्योग कार्यालय अछामका निमित्त कार्यालय प्रमुख प्रकाश उपाध्यायका अनुसार अछाममा करिब तीन दर्जन ‘हेयर कटिङ’ सेन्टर खुलेका छन् । तीमध्ये केहीले दर्ता गरेरै व्यवसाय सञ्चालन गरेका छन्, निमित्त कार्यालय प्रमुख उपाध्याय भन्नुहुन्छ, ‘विकट गाउँका युवाले गुजारा चलाउनैका लागि कपाल काट्ने व्यवसाय गरेर राम्रो गरेका छन् ।’

गाउँमा रोजगारीको सम्भावना नभएकै कारण युवा बिदेसिन बाध्य हुन्छन् । बान्नीगढी जयगढ गाउँपालिका उपाध्यक्ष लोकबहादुर साउद स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न विभिन्न सीपमूलक कार्यक्रम गाउँपालिकाले ल्याएको जानकारी दिनुहुन्छ । हाम्रा गाउँ-बस्तीहरू युवाविहीन बन्दै गएका छन् । काम गर्ने जनशक्तिको अभावमा कृषियोग्य जमिन बाँझो हुँदै गएका छन् । उपाध्यक्ष साउद भन्नुहुन्छ, ‘वैदेशिक रोजगारीको विकल्प समयमै खोज्नुपर्छ भनेर हामीले विभिन्न सीपमूलक तालिम दिएका हौं ।’

स्थानीय सरकारले युवालाई उद्यमशीलता र रोजगारी सिर्जना गर्न विभिन्न सहुलियतपूर्ण कर्जाको व्यवस्था गरेको छ । व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा, शिक्षित युवा स्वरोजगार कर्जा, विदेशबाट फर्केका युवा परियोजना कर्जा, दलित समुदाय व्यवसाय विकास, उच्च प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जालगायतका अनुदान दिने व्यवस्था गरेको उहाँले बताउनुभयो । वैदेशिक रोजगारीलाई व्यवस्थित गर्दै स्वदेशमै रोजगारीका नयाँ सम्भावनाहरू खोजी गर्नु सहज पक्कै छैन ।

# पुतलीबजार ढाँडेको मगर समुदायमा नयाँ होमस्टे सञ्चालन हुँदै




**युवराज पौडेल/हिटा**
**स्याङ्जा, २१ असोज**

स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका-५ ढाँडेमा नयाँ सामुदायिक होमस्टे सञ्चालन हुने भएको छ । बिम्दी ढाँडे हुलाक होमस्टे विसं २०७७ सालमा दर्ता भएको थियो । नेपाल पर्यटन बोर्ड र गण्डकी प्रदेशको सहयोगमा स्थापना भएको उक्त सामुदायिक होमस्टे मगर समुदायद्वारा सञ्चालन गर्न लागिएको होमस्टे हो ।

मगर भाषामा ‘बिमडी’ बाट अपभ्रंश हुँदै ‘बिम्दी’ भएको मानिन्छ । मगर भाषामा ‘बिमडी’ को अर्थ ‘मुसाको प्वालबाट निस्किएको स्वच्छ पानी’ भन्ने हुन्छ ।

पहिले यो ठाउँ हुलाकी राजमार्गका रूपमा परिचित थियो । यो रेग्मी कुलमन्दिर र मगर कुलपूजास्थल नजिकै रहेको छ । यो होमस्टे क्रिस्ती हुँदै पोखरा निस्कने मार्गमा रहेको छ । यो गाउँ ऐतिहासिक नुवाकोटको दक्षिणमा पर्दछ । नुवाकोट स्याङ्जाको पुरानो सदरमुकामसमेत हो । ४० भन्दा बढी घरहरू रहेको ढाँडे गाउँमा होमस्टे सञ्चालन हुने भएपछि स्थानीयहरू उत्साहित भएका छन् । गाउँको उत्पादन होमस्टेमा बिक्री गरेर आयआर्जन गर्न सहज हुने स्थानीयहरूको भनाइ छ ।

यो होमस्टे दर्ता भएर तयारी पूरा भएको र दशैंतिहारको बीचमा औपचारिक उद्घाटन हुने होमस्टेका अध्यक्ष मेखबहादुर आलेले बताउनुभयो । उहाँले भन्नुभयो, ‘होमस्टेका लागि पाहुना राख्ने घरहरू तयार भएका छन् । आधारभूत सबै संरचनाहरू बनाइएको छ । विस्तारै आवश्यकतानुसार थपिँदै जानेछ ।’ आगामी दिनमा मगर सांस्कृतिक संग्रहालयको स्थापना र भ्युटावर निर्माण गर्ने योजना रहेको अध्यक्ष आलेले बताउनुभयो ।

यो होमस्टे सिद्धार्थ राजमार्गको बाडखोलाबाट पाँच किलोमिटर पूर्वदक्षिणमा पर्दछ । काठमाडौं, पोखरा र बुटवलबाट सोझै सडक मार्गबाट यस ठाउँमा पुग्न सकिन्छ । यहाँ होमस्टेसँगै सामुदायिक वनको मनमोहक प्राकृतिक दृश्यसमेत हेर्न पाइन्छ । यसका साथै यहाँ सामुदायिक भवनसमेत रहेको छ । स्याङ्जा जिल्लामा अधिकांश होमस्टे गुरुङ संस्कृति र मौलिकतामा आधारित रहेको अवस्थामा बिम्दी ढाँडे हुलाक होमस्टे मगर समुदायको मौलिकता र संस्कृतिमा आधारित रहेर सञ्चालन गर्न लागिएकाले यसको छुट्टै महत्त्व र स्थान रहेको स्थानीय बुद्धिजीवी मुक्तिराम रेग्मीले बताउनुभयो ।

## सवारी दुर्घटनामा दुईजनाको मृत्यु

**सुनसरी/हिटा ।** सुनसरीको इटहरी उपमहानगरपालिका-१६ लायन्स क्लब चोकमा सवारी दुर्घटनामा परेर दुईजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा इनरुवा-२ का २५ वर्षीय सुशान्त भट्टराई र संखुवासभा चिचिला-२ का २० वर्षीय विभिषण विक हुनुहुन्छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुधबार राति लायन्स क्लब चोकमा भएको दुर्घटनामा दुईजनाको मृत्यु भएको प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिनुभयो । पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को२०प ६७४७ नम्बरको स्कुटरलाई विपरीत दिशाबाट आउँदै गरेको ना६ख ५६८१ नम्बरको ट्रकले ठक्कर दिँदा दुवैजना गम्भीर घाइते हुनुभएको थियो ।

# पाँचथरमा ६ सय बढी हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा

**जितेन्द्र भण्डारी/हिटा**
**पाँचथर, २१ असोज**

पूर्वी पहाडी जिल्ला पाँचथरमा एक वर्षको अवधिमा ६ सय बढी हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा पुगेको छ । आर्थिक वर्ष ०७७/०७८ मा जिल्लाका १० वटा आयोजनाको काम सम्पन्न हुँदा ६७० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन पाँचथरले जनाएको छ ।

लुङखुवा कुलो सिँचाइ योजना फाल्गुनन्द-५ मा ८० हेक्टर क्षेत्रफलमा, कन्याटार मादिबुङ सिँचाइ योजना फिदिम नगरपालिका-६ सिवामा ४० हेक्टर क्षेत्रफलमा, मेवाखोला डाँडाटोल ज्यामिरे सिँचाइ योजना मिक्लाजुङ-६ लिम्बामा ३५ हेक्टर क्षेत्रफलमा, खडखोला चौतारे पच्चिसे सिँचाइ योजना फिदिम नगरपालिका-१० खलंगाटारमा ४५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको कार्यालयले जनाएको छ ।

यस्तै सिबुवा तिनखोले खत्रीगाउँ छापे फिदिम नगरपालिका-१२ मा १३० हेक्टर क्षेत्रफलमा, आकाशे पोखरी सिँचाइ योजना फाल्गुनन्द-८ मा ९ हेक्टर क्षेत्रफलमा, गोहोरे कुसुमे लामिबगर लिफ्ट सिँचाइ योजना मौवा ५ र ६ मा १७ हेक्टर क्षेत्रफलमा, कुबेर कुलो सिँचाइ योजना फिदिम नगरपालिका-१३ मा ९८ हेक्टर क्षेत्रफलमा, मावेवा कुलो सिँचाइ योजना फालेलुङ-७ मा १११ हेक्टर क्षेत्रफलमा र फोक्टे सुमसिङ सिँचाइ योजना फिदिम नगरपालिका-१४ मा १०५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । अहिलेसम्म जिल्लामा पाँच हजार ५२९ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको कार्यालय प्रमुख तेजप्रसाद दाहालले जानकारी दिनुभयो ।


## बारबर्दिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

### ढुंगा, गिट्टी, बालुवा र ग्राभेलको कर उठाउने ठेक्का (E-Bidding) सम्वन्धी सूचना

(सूचना प्रकाशन मिति प्रथम पटक २०७८/०४/१५, दोस्रो पटक २०७८/०५/१५
तेस्रो पटक २०७८/०६/०५ र चौथो पटक २०७८/०६/२२

यस नगरपालिकावाट आर्थिक वर्ष २०७८/०७९ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद को दफा ११ (घ) को उपदफा २ अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदि खोलाहरुबाट ढुंगा गिट्टि, बालुवा, ग्राभेलको कूल संकलन देहाय बमोजिमको परिमाण र दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुवाट E-Bidding मार्फत बोलपत्र पेश गर्न यो पून: यो सूचना प्रकाशित गरिएको छ । साथै टेण्डर खरिद गर्दा बारबर्दिया नगरपालिकाको नाममा एन आई सी एशिया बैंक, मगरागाडी शाखा बर्दियामा रहेको खाता नं. ११२२०५२४९८२५१००७ मा देहायको टेण्डर दस्तुर वापतको रकम दाखिला गर्नु पर्नेछ । अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि बेबसाइट www.bolpatra.gov.np/epg मा गई Tender document हेर्न तथा डाउनलोड गर्न सकिनेछ । ठेक्का अवधी ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०७९ (जेष्ठ मसान्त) सम्मको लागि (चुरे संरक्षित क्षेत्र बाहेक) रहनेछ ।

तपसील

| ठेक्का नं. | नदि | उत्खनन् हुने पदार्थ | कूल घन मिटर | प्रति घ.मी. दर भ्याट समेत रु. | न्यूनतम ठेक्का अंक रु. मा (भ्याट समेत) | टेण्डर फाराम दस्तुर | सूचनाको अवधि |
|---|---|---|---|---|---|---|---|
| 01/BMO/G/ 2078/079 | बबई | बालुवा | ३०९१९ | २००/- | ६१,८३,८००/- | रु. ५,०००/- (पाँच हजार मात्र) | १५ दिन |
| | | ग्राभेल तथा गिट्टी | २१३८८ | ३००/- | ६४,१६,४००/- | | |
| | | ढुंगा | १०६९३ | ४००/- | ४२,७७,२००/- | | |
| कूल जम्मा | | | ६३००० | | १,६८,७७,४००/- | | |

प्रमुख प्रशासकिय अधिकृत



## Mallarani Rural Municipality
## Office of the Rural Municipal Executive
Khalanga, Pyuthan
Lumbini Province

### Invitation for Bids

Date of publication: 2078-06-21 (07th October 2021)

1. Mallarani Rural Municipality, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the construction of **Projects as mentioned below** under National Competitive Bidding Single Stage, Two Envelope Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mallarani Rural Municipality, Pyuthan, e-mail: ito.mallaranimun@gmail.com , phone no. 086-420180 or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Last Date of Bid Submission | Date and time of Bid Opening | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|
| 2078/07/22 on or before 12:00 hrs. | 2078/07/22 on 13:00 hrs. | 90 days | 30 days beyond the validity period of bid (i.e., 2078/11/23) |

Information to deposit the cost of bidding document in the Bank

| Name of the Bank | Name of Office | Office Account no (Dharauti Khata) | Rajaswa Account No |
|---|---|---|---|
| Nepal Bank Limited, Khalanga, Pyuthan | Mallarani Rural Municipality, Pyuthan | 05203000003000000002 (Ga-3-0 Dharauti) | 05203000001001000001 (GA 1.1 MALLARANI AANTARIK RAJASWA K) |

.Details of the Contract

| S. N. | Contract ID No. | Description of Works | Estimated Amount (Including VAT) | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|---|
| 1 | MRM/NCB/ 2078/079/01 | Upgrading of Khalanga Buspark to Mallarani Danda Rural Tourism Road | - | 6,50,000.00 | 5,000.00 |
| 2 | MRM/NCB/ 2078/079/02 | Upgrading of Markawang Solhalna Goyelxedi Motarbato ward no. 1 | 8,663,726.24 | 2,50,000 | 3,000.00 |
| 3 | MRM/NCB/ 2078/079/03 | Construction of Khadgeswori Primary School Building | 45,97,981.32 | 1,15,000 | 3,000.00 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Other mandatory information as per PPA and PPR.

**Chief Administrative Officer**


CMYK